स्थानीय राजपत्र

बौदीकाली गाउँपालिकाद्वारा प्रकाशित

खण्ड १०, भाग २, संख्या ७, मिति २०८३ भाद्र २४ गते

**भाग- २**

**बौदीकाली गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय, डेढगाउँ, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम बौदीकाली गाउँपालिका, गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# बौदीकाली गाउँपालिकाको खोज, अनुसन्धान तथा नवप्रवर्तनका लागि प्रोत्साहन कार्यक्रम सञ्चालन कार्यविधि, २०८३

**१. प्रस्तावनाः**

विद्यालय तथा समुदायमा रहेका समस्या पहिचान गरी अनुसन्धानमार्फत समाधान खोज्ने, शिक्षक तथा विद्यार्थीमा सिर्जनशील र अनुसन्धानात्मक सोचको विकास गर्ने तथा नयाँ प्रविधि, विधि, सामग्री र अभ्यासलाई प्रोत्साहन गर्ने उद्देश्यले बौदीकाली गाउँपालिकाले यो कार्यविधि बनाइ लागु गरेको छ ।

**२. उद्देश्यः**

यस कार्यक्रमका मुख्य उद्देश्य देहायबमोजिम हुनेछन्-

क. शिक्षक तथा विद्यार्थीमा खोज, अनुसन्धान र सिर्जनशीलताको विकास गर्ने।

ख. विद्यालय तथा समुदायका समस्याको स्थानीयस्तरमै समाधान खोज्ने।

ग. नयाँ विचार, प्रविधि, शिक्षण विधि तथा सामग्रीको विकास र प्रयोगलाई प्रोत्साहन गर्ने।

घ. उत्कृष्ट अनुसन्धान तथा नवप्रवर्तनलाई पहिचान गरी पुरस्कार तथा सम्मान गर्ने।

ङ. सफल अभ्यासलाई अन्य विद्यालयमा समेत विस्तार गर्ने।

**३. कार्यक्रमका क्षेत्रः**

देहायका विषयमा हुने अनुसन्धान तथा नवप्रवर्तनलाई प्राथमिकता दिइनेछ-

शिक्षण-सिकाइ सुधार, विद्यार्थीको सिकाइ उपलब्धि वृद्धि, सूचना प्रविधि तथा AI को प्रयोग, विज्ञान, प्रविधि तथा STEAM, नयाँ शिक्षण विधि तथा शैक्षिक सामग्री, विद्यालय व्यवस्थापन तथा सुशासन, समावेशी तथा बालमैत्री शिक्षा, वातावरण तथा हरित विद्यालय, स्वास्थ्य, सरसफाइ तथा पोषण, स्थानीय ज्ञान, सीप तथा प्रविधि, विद्यालय उपस्थितिमा सुधार तथा विद्यालय छाड्ने समस्या, शिक्षा सुधारसँग सम्बन्धित अन्य नवीन विषय।

**४. सहभागी हुन सक्नेः**

कार्यक्रममा देहायका व्यक्ति तथा समूहले सहभागिता जनाउन सक्नेछन्-

क. गाउँपालिकाभित्रका सामुदायिक विद्यालयका शिक्षक।

ख. विद्यार्थी।

ग. शिक्षक-विद्यार्थीको संयुक्त समूह।

घ. एकभन्दा बढी विद्यालयको संयुक्त समूह।

*(विद्यार्थीको प्रस्तावमा सम्बन्धित शिक्षकले मार्गदर्शन गर्नुपर्नेछ।)*

**५. प्रस्ताव आह्वानः**

कार्यक्रम सञ्चालनको लागि शिक्षा शाखाले सूचना प्रकाशन गरी प्रस्ताव आह्वान गर्नेछ।

प्रस्तावमा कम्तीमा देहायका विषय उल्लेख गर्नुपर्नेछ-

१. शीर्षक २. समस्या/आवश्यकता ३. उद्देश्य ४. अपनाइने विधि ५. कार्ययोजना ६. अपेक्षित उपलब्धि ७. अनुमानित बजेट।

**६. प्रस्ताव छनोटः**

प्राप्त प्रस्तावमध्ये शिक्षा शाखाले प्रारम्भिक परीक्षण गरी उपयुक्त प्रस्तावलाई शिक्षा समितिमा पेश गर्नेछ।

शिक्षा समितिले देहायका आधारमा प्रस्ताव छनोट गर्नेछ-

| **क्र.सं.** | **मूल्याङ्कनको आधार** | **अंक** |
|---|---|---|
| १ | आवश्यकता तथा औचित्य | १५ |
| २ | मौलिकता तथा नवीनता | २० |
| ३ | सम्भाव्यता | १५ |
| ४ | अपेक्षित प्रभाव | २० |
| ५ | कार्यविधि तथा कार्ययोजना | १५ |
| ६ | स्थानीय स्रोत तथा सहभागिता | १० |
| ७ | विस्तारको सम्भावना | ५ |
| **जम्मा** | **कुल अंकभार** | **१००** |

**७. अनुसन्धान तथा नवप्रवर्तन सञ्चालनः**

छनोट भएका सहभागीले स्वीकृत प्रस्तावअनुसार तोकिएको अवधिभित्र अनुसन्धान वा नवप्रवर्तन कार्य सम्पन्न गर्नुपर्नेछ।

कार्यक्रम सञ्चालनका क्रममा-

क. आवश्यक तथ्य तथा प्रमाण सङ्कलन गर्नुपर्नेछ।

ख. विकास गरिएको सामग्री, नमुना वा प्रविधि भए प्रस्तुत गर्नुपर्नेछ।

ग. शिक्षा शाखाले आवश्यक प्राविधिक सहयोग तथा अनुगमन गर्न सक्नेछ।

घ. कार्य सम्पन्न भएपछि संक्षिप्त प्रतिवेदन पेश गर्नुपर्नेछ।

**८. अन्तिम मूल्याङ्कनः**

सम्पन्न कार्यको मूल्याङ्कन देहायका आधारमा गरिनेछ-

नवीनता तथा मौलिकता, समस्याको समाधान गर्ने क्षमता, प्राप्त उपलब्धि तथा प्रभाव, व्यावहारिकता, अनुसन्धानको गुणस्तर, स्थानीय स्रोतको प्रयोग, अन्य विद्यालयमा प्रयोग गर्न सकिने सम्भावना, प्रतिवेदन तथा प्रस्तुतीकरण।

**९. पुरस्कार तथा सम्मानः**

उत्कृष्ट अनुसन्धान तथा नवप्रवर्तनलाई गाउँपालिकाको स्वीकृत बजेटअनुसार नगद पुरस्कार प्रदान गरिनेछ। साथै उत्कृष्ट कार्यलाई प्रमाणपत्र, ट्रफी, प्रकाशन तथा अन्य प्रोत्साहन प्रदान गर्न सकिनेछ।

**१०. बजेट तथा खर्चः**

कार्यक्रमका लागि गाउँपालिकाले वार्षिक बजेट विनियोजन गर्नेछ। बजेटबाट अनुसन्धान सामग्री, नमुना/मोडेल निर्माण, प्रयोगात्मक कार्य, प्राविधिक सहयोग, अनुगमन, प्रस्तुतीकरण/प्रदर्शनी, पुरस्कार तथा सम्मान शीर्षकमा खर्च गर्न सकिनेछ।

**११. अनुगमनः**

कार्यक्रमको अनुगमन शिक्षा शाखाले गर्नेछ। आवश्यकताअनुसार सम्बन्धित विषयका विज्ञ वा प्राविधिक व्यक्तिबाट समेत अनुगमन गराउन सकिनेछ।

**१२. उत्कृष्ट कार्यको विस्तारः**

उत्कृष्ट तथा प्रभावकारी देखिएका अनुसन्धान र नवप्रवर्तनलाई गाउँपालिकाका अन्य विद्यालयमा समेत प्रयोग तथा विस्तार गर्न प्रोत्साहन गरिनेछ।

**१३. पुरस्कार रद्द गर्न सकिनेः**

झुटा विवरण पेश गरेको, अरूको काम नक्कल गरेको, स्वीकृत कार्य नगरेको वा सहयोग रकम दुरुपयोग गरेको प्रमाणित भएमा पुरस्कार वा आर्थिक सहयोग रद्द गर्न सकिनेछ।

**१४. विविधः**

क. यस कार्यविधिमा उल्लेख नभएका विषयमा गाउँपालिकाको प्रचलित कानून तथा निर्णयअनुसार हुनेछ।

ख. आवश्यकता अनुसार गाउँपालिकाले यस कार्यविधिमा संशोधन गर्न सक्नेछ।

ग. कार्यविधिको कार्यान्वयनमा कुनै समस्या आएमा गाउँ कार्यपालिकाले आवश्यक निर्णय गर्न सक्नेछ।

घ. यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

## अनुसूची– १ः प्रस्तावको ढाँचा

१. अनुसन्धान/नवप्रवर्तनको शीर्षकः ...................................................................

२. प्रस्तावकको नामः ...................................................................

३. विद्यालयः ...................................................................

४. समस्या/आवश्यकताः ...................................................................

५. उद्देश्यः ...................................................................

६. के नयाँ काम गर्न खोजिएको हो? ...................................................................

७. कार्य गर्ने विधिः ...................................................................

८. अपेक्षित उपलब्धिः ...................................................................

९. अनुमानित बजेटः रु. ....................................

१०. कार्य सम्पन्न गर्ने अवधिः ...................................................................

प्रस्तावकको हस्ताक्षरः ..........................

विद्यालयको सिफारिसः ............................

मितिः ....................

आज्ञाले,
राकेश कुमार चौधरी
प्रमुख प्रशासकीय अधिकृत
बौदीकाली गाउँपालिका

प्रमाणीकरण मिति : २०८३/०५/०४